आज मिति: २०८१/०८/१७ गतेका यस माईजोगमाई गाउँपालिकाकाअध्यक्ष श्री कुश बहादुर थेबेज्यूको अध्यक्षतामा माईजोगमाई गाउँ कार्यपालिकाको दोस्रो कार्यकालको ४५औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री कुश बहादुर थेबे | गाउँपालिका अध्यक्ष |
| श्री प्रबिना राई | गाउँपालिका उपाध्यक्ष |
| श्री याम कुमार कार्की | १ नम्बर वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुवेदी | २ नम्बर वडा अध्यक्ष |
| श्री राम घिमिरे | ३ नम्बर वडा अध्यक्ष |
| श्री डुरन देवान | ४ नम्बर वडा अध्यक्ष |
| श्री निर्मलध्वज राई | ५ नम्बर वडा अध्यक्ष |
| श्री दिपेश सोङमी | ६ नम्बर वडा अध्यक्ष |
| श्री कमला न्यौपने | कार्यपालिका सदस्य |
| श्री धनलक्ष्मी सोङमी | कार्यपालिका सदस्य |
| श्री राम कुमारी परियार | कार्यपालिका सदस्य |
| श्री लक्ष्मी राई | कार्यपालिका सदस्य |
| श्री अम्बर बहादुर थामी | कार्यपालिका सदस्य |
| श्री छत्र बहादुर दर्जी | कार्यपालिका सदस्य |
| श्री कुमार बस्नेत | सदस्य सचिव |

<u>अन्य उपस्थिति:</u>

राहुल प्र. पौडेल
आशोक लिम्बू
बाबु राई
प्रकाश भण्डारी

CamScanner

# प्रस्तावहरु

मिति २०८१/०८/१७ गतेको ४५औं कार्यपालिका बैठकको प्रस्तावनाहरु

१. विगत बैठकको समिक्षा सम्बन्धमा ।
२. घ वर्गको कार्यविधि संशोधन सम्बन्धमा ।
३. स्वास्थ्य शिविर संचालन सम्बन्धमा ।
४. नामसालिङ प्रहरी चौकीको घर भाडा भुक्तानी सम्बन्धमा ।
५. आयोजनाको म्याद थप सम्बन्धमा ।
६. आ.व. २०८१/०८२ को आयोजना सम्झौता तथा कार्यान्वयन सम्बन्धमा ।
७. ठेक्का सम्झौता भई कार्यान्वयन नभएका आयोजनाहरुको सम्बन्धमा ।
८. आयोजनाको अनुगमन सम्बन्धमा ।
९. आर्थिक वर्ष २०८२/०८३ को लागि नेपाल सरकार तथा प्रदेश सरकार समपुरक/विशेष अनुदान छनौट सम्बन्धमा ।
१०. राजिनामा स्वीकृत तथा नयाँ नियुक्तीहरुको अनुमोदन सम्बन्धमा ।
११. झोलुङ्गे पुल छनौट सम्बन्धमा ।
१२. सिविआरएफको सेवा सुविधा सम्न्धमा ।
१३. कल्याण कोष सम्बन्धमा ।
१४. निशान छाप सम्बन्धमा ।
१५. गोलिया कटान तथा व्यवस्थापन सम्बन्धमा ।
१६. सिसि टिभि खरिद तथा जडान सम्बन्धमा ।
१७. विभिन्न आर्थिक सहायता सम्बन्धमा ।
१८. चार्डपर्व सोर सार योजनाको लागि हेमि मेशिन प्रयोगको अनुमति अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णयहरु:-

१. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा ४४ औं कार्यपालिका बैठकका सम्पूर्ण निर्णयहरु कार्यान्वयन भएको पाईएकोले सन्तोषजनक प्रगति भएको समिक्षा गरियो ।

२. यस माईजोगमाई गाउँपालिकाद्वारा निर्माण गरीएको घ वर्गको निर्माण व्यवसायमा ठाउँसारी/नाम सारीको व्यवस्थापन गरी कार्यविधि संशोधन गर्ने निर्णय गरीयो ।

३. माईजोगमाई गाउँपालिका अन्तर्गत वडा नम्बर ३ मा मुख्य कार्यालय रहेको नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC)द्वारा अघिल्लो वर्ष संचालन गरीएको स्वास्थ्य शिविर यस वर्ष समेत माईजोगमाई गाउँपालिका आयोजक रहि संचालन गर्ने र सोको लागि आवश्यक बजेट यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रमको अन्य सामाजिक सहायता खर्च शिर्षकबाट प्रस्तावना माग गरी सम्झौता पश्चात उपलब्ध गराउने निर्णय गरीयो । साथै आदर्श बहुदेशीय सहकारी संस्था इलामलाई सामान्य स्वास्थ्य शिविर संचालनको लागि सहकार्य गर्ने निर्णय गरीयो ।

४. यस माईजोगमाई गाउँपालिका ३ नम्बर वडा अन्तर्गत रहेको नामसालिङ सामुदायिक विकास केन्द्रको भवनमा वार्षिक सम्झौता बमोजिम प्रहरी चौकी नामसालिङको कार्यालय संचालनमा रहेको हुँदा सम्झौता बमोजिम यो वर्षको घर भाडा उपलब्ध गराउने निर्णय गरीयो ।

५. यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत कार्यक्रम अनुसार संचालनको क्रममा रहेको तपशिल बमोजिम ठेक्का सम्झौता भई सम्झौतामा उल्लेख भएको अन्तिम समय भित्र विविध कारण सम्पन्न हुन नसकेका तपशिल बमोजिमका आयोजनाहरुको म्याद थप गर्ने निर्णय गरीयो ।

CamScanner

तपशिलः

| क्र.स | आयोजनाको नाम | ठेक्का नं. | थप मिति | कैफियत |
|---|---|---|---|---|
| १ | माईखोला रुलुक प्याङ मा.वि. पञ्चमी गुम्बा डाँडा थुम्के सडक | MJRM/NCB/WORKS/ 2080/081-14 | २०८१ पौष मसान्त | दोस्रो पटक |

६. यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संचालन हुने आयोजनाहरु को सम्झौता मिति २०८१ पौस मसान्त भित्र गरी सक्ने आयोजना संचालन गर्ने निर्णय गरीयो ।

७. यस माईजोगमाई गाउँपालिका सँग विभिन्न आर्थिक वर्षहरुमा ठेक्का सम्झौता गरी हाल सम्म काम नगरेकोका ठेक्का नम्बरः ७ (२०८०/०८१), र १५ (२०७९/८०) हाल सम्म समेत काम सुचारु नभएको हुँदा दुवै निर्माण व्यवसायीहरुलाई कार्यालयबाट पत्राचार गरी के गर्ने भनी छलफल गर्ने र ठेक्का नम्बर १४ (२०७९/०८०) को काम ६४.३% मात्र भएको र हाल सम्म बाँकी काम सुचारु नभएको ले उक्त निर्माण व्यवसायीलाई समेत माथि उल्लेख भए बमोजिम पचाचार गरी समन्वय गर्ने निर्णय गरीयो ।

८. यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२मा स्वीकृत कार्यक्रमको भौतिक पूर्वाधार तर्फका आयोजनाहरु ४ लाख सम्मको आयोजनाको वडा अनुगमन समितिबाट अनुगमन गर्ने र ४ लाख भन्दा माथिका आयोजनाहरुको गाउँपालिकाको अनुगमन समितिद्वारा अनुगमन गर्ने निर्णय गरीयो साथै विवाद भएमा अन्य आयोजनाहरुको समेत गाउँपालिका अनुगमन समितिद्वारा अनुगमन गर्ने साथै प्रत्येक बुधबार र बिहिबार अनुगमन गर्ने निर्णय गरीयो ।

९. यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा संचालन हुने समपुरक र विषेश अनुदान तपशिल बमोजिम छनौट गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कोशि प्रदेश मा माग गर्नको लागि तपशिल बमोजिमको आयोजना छनौट गर्ने निर्णय गरीयो ।

तपशिलः

| क्र.स. | आयोजनाको नाम | अनुदान माग | प्राथमिकिकरण | कै |
|---|---|---|---|---|
| १ | नामसालिङ प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण माईजोगमाई-४ | संघिय विशेष अनुदान | १ | |
| २ | मलुपोखरी खानेपानी योजना | संघिय विशेष अनुदान | २ | |
| ३ | नयाँबजार, गुम्बाडाँडाँ सरसिङ्गे अँधेरी हुँदै २ नम्बर वडा कार्यालय जाने सडक | संघिय विशेष अनुदान | ३ | |
| ४ | स्यालढुग्गा सरस्वती मा.वि. सोमगोलाई, हर्रा पाखा, बममाया गोलाई, कृष्ण गोलाई, पिङगोलाई, संजेल गाउँ अर्चले पक्की पुल इनपा सडक | संघिय समपूरक | १ | |
| ५ | रुलुप प्याङ मा.वि. पञ्चमी गुम्बा डाँडा थुम्के सडक | संघिय समपूरक | २ | |
| ६ | उत्तरे पोखरी | संघिय समपूरक | ३ | |
| ७ | नयाँबजार संखाबुङ खोल्मे २ नम्बर वडा सडक | प्रदेश समपुरक | १ | |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८ | नयाँबजार प्याङ पञ्चमी इङ्ला सडक | प्रदेश समपुरक | २ | |
| ९ | इ.न.पा. बज्रदेवी हात्तीटार चारवपिपल शुक्रबारे नयाँबजार वडा १,४,३ | प्रदेश समपुरक | ३ | |

१०. यस माईजोगमाई गाउँपालिकाको कार्यालयमा कार्यरत तपशिलका कर्मचारीहरुले राजीनामा पेश गरेको हुँदा प्राप्त राजिनामा बमोजिम राजिनामा स्वीकृत भएका तथा नयाँ नियुक्ति भई आएका सेवा करार तर्फ तपशिल बमोजिमका कर्मचारीहरुको राजिनामा तथा नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरीयो।

तपशिलः

| क्र.स. | नाम थर | पद | राजिनामा/नियुक्ति१ |
|---|---|---|---|
| १ | सिमा श्रेष्ठ | अहेब (करार) | राजिनामा |
| २ | तारा पोर्तेल | अहेब (करार) | राजिनामा |
| ३ | प्रकाश भण्डारी | ईन्जिनियर (करार) | नियुक्ति |
| ४ | बिबेक चापागाई | हलुका सवारी चालक करार | नियुक्ति |
| ५ | अनिता खड्का | अ.स.ई | नियुक्ति |
| ६ | निरज वि.क | अ.स.ई. | नियुक्ति |
| ७ | प्रविना थेबे | अहेब (स्थायी) | राजिनामा |

११. स्थानीय विकास विभाग को पत्र बमोजिम यस माईजोगमाई गाउँपालिकाको खोला क्षेत्रमा आवश्यक रहेको झोलुङ्गे पुलहरु माग गर्ने भनि प्राप्त पत्र अनुसार वडाहरुबाट आवश्यक महसुस गरी वडाबाट पहिचान गरि सिफारीस भई कार्यालयमा प्राप्त भए बमोजिमको झोलुङ्गे पुललाई प्राथमिकताका आधारमा स्थानीय विकास विभागलाई पत्राचार गर्ने निर्णय गरीयो।

१२. सिविआर एफ अरुण अधिकारीलाई मासिक रुपमा आवश्यकता बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरीयो।

१३. यस माईजोगमाई गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीहरुको कल्याण कोष/अवकाष कोषको कार्यविधि तयार बनाई आगामि कार्यपालिका बैठकमा पेश गर्न प्रशासन शाखालाई जिम्मेवारी दिने निर्णय गरीयो।

१४. परम्परा देखि मान्दै आएको नेपाली सेनाको मातहतमा रहेको निशान छापको ऐतिहासिक पृष्ठभूमि दर्शिने गरी नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति सूर्योदय नगरपालिका, माईजोगमाई गाउँपालिका, इलाम नगरपालिका समेतका विभिन्न व्यक्तिहरु सम्मिलित निसान पदमार्गमा पैदल यात्राको क्रममा छब्बिसे, सूनपा, मा.जो. गा.पा. हुँदै इलाम नगरपालिका हुँदै माईथान पुगि बिसर्जन हुने हुँदा माईजोगमाई क्षेत्रमा प्रवेश पश्चात खाना बस्न व्यवस्थाको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रकम व्यवस्थापन गरी भुक्तानी उपलब्ध गराउने निर्णय गरीयो।

१५. यस माईजोगमाई गाउँपालिका भित्र कंटान गरीएको गोलियाहरु सार्वजनिक यातायातको नालिमा राखि यातायात आवगमनमा प्रत्यक्ष असर र निर्मित सडकहरु भत्काई जिर्ण अवस्थामा रहेको हुँदा गोलिया व्यवसायीहरुलाई पत्राचार गरी छलफलमा बोलाउने निर्णय गरीयो।

१६. यस माईजोगमाई गाउँपालिकाको बजार क्षेत्रमा रहेको CCTV पुरानो भई काम नगर्ने अवस्थामा रहेको हुँदा उक्त क्यामरा यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रमबाट खरिद गरी नयाँबजार क्षेत्रमा क्यामरा जडान गर्ने निर्णय गरीयो।

CS CamScanner

१७. यस माईजोगमाई गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०७५ बमोजिम तपशिलमा उल्लेख भएका अत्ति विपन्न नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र.स | नाम थर | ठेगाना | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनोज निरौला | माईजोगमाई-१ | आगोलागी | रु ३००००/- | |
| २ | कमला सुनुवार | माईजोगमाई-१ | क्यानसर | रु१५०००/- | |
| ३ | प्राजना खड्का | माईजोगमाई-५ | मुटु रोगी | रु १५०००/- | |
| ४ | धन कुमारी देवान | माईजोगमाई-४ | मुटु रोगी | रु १५०००/- | |
| ५ | नविन अधिकारी | माईजोगमाई-३ | ब्रेन ट्युमर | रु १५०००/- | |
| ६ | दधीमाया लिम्बू | माईजोगमाई-५ | ब्रेन ट्युमर | रु १५०००/- | |
| ७ | ट्वीङकल भट्राई | माईजोगमाई-३ | बोन म्यारो | रु १५०००/- | |
| ८ | भारत लिम्बू | माईजोगमाई-४ | मुटु रोग | रु १५०००/- | |
| ९ | बीर बहादुर लाप्चा | माईजोगमाई-२ | मृगौला | रु १५०००/- | |
| १० | फूल माया तामाङ | माईजोगमाई-४ | मुटु रोग | रु १५०००/- | |
| ११ | कर्मराज नेम्बाङ | माईजोगमाई-६ | मृगौला | रु १५०००/- | |
| १२ | पम्फा सेन्चिउरी | माईजोगमाई-४ | मुटु रोग | रु १५०००/- | |
| १३ | बासुदेव दर्जी | माईजोगमाई-४ | मुटु रोग | रु १५०००/- | |
| १४ | डम्बर बहादुर राई | माईजोगमाई-१ | नाककान | रु १५०००/- | |

१८. प्रस्तुत विषयमा छलफल गर्दा निर्माण कार्यमा मेशिन प्रयोग गर्दा प्राविधिक लागत स्टिमेटलाई आधार मानि ४० प्रतिशत भन्दा माथि मेशिन प्रयोग गर्न नपाईने व्यवस्था भएता पनि आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ६ वटै वडाहरुमा चाडपर्व लक्षित सडक सोरसार तथा मर्मत संभार गर्दा पहिरो सोर्ने खाल्डाखुल्डी पुर्ने सडकको सतह मिलाउने आदि काम गर्नु पर्ने भएको ले मेसिन बढी प्रयो गर्नु उपयोग भएकोले सम्बन्धित उपभोक्ता समितिको माग तथा स्थलगत प्राविधिक प्रतिवेदन समेतका आधारमा ४० प्रतिशत भन्दा माथि १००% सम्म हेभी मेशिन प्रयोग गरी उक्त काम गर्न अनुमति दिने निर्णय गरीयो ।

CamScanner

१९. प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिकामा संचालनमा रहेको ठूला मेसिन स्काभेटर र ब्याकहोलोडरको नियमित सर्भिसिङ र मर्मत गर्नु पर्ने भएको र यस कार्यालयबाट आधिकारीक कम्पनी दुगर्ढ अर्थमुभ सँग मिति २०८१/०५/१४ भएको सम्झौता बमोजिम गरीएको मर्मतको भुक्तानी आवश्यक काजात र विल भर्पाईको आधरमा भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

CamScanner